# नेशनल बैंकिङ्ग ईन्स्टिच्युट लिमिटेडको
# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७३/५/१० गते बसेको ८२औं बैठकको निर्णय बमोजिम यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनीको नियमावलीको नियम १८ (३) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रेषित/प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :-**

मिति : २०७३ साल ६ महिना २० गते बिहिवार (6th October, 2016)

स्थान : अन्नपूर्ण होटल (Hotel Annapurna), दरवार मार्ग, काठमाडौ ।

समय : बिहान ११:३० बजे

**१. छलफल गर्ने बिषयहरु :-**

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७२/७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७२/७३ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूची लगायत वार्षिक आर्थिक विवरण समेत छलफल गरी पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम संस्थाको चुक्ता पुँजीमा आ.व.२०७२/७३ को कारोवारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.३,२७,००,०००।– को ५% दरले हुने जम्मा रु.१६,३५,०००।– नगद लाभाशं वितरण गर्ने ।

(४) आ.व.२०७३/७४ को लेखापरीक्षण कार्यका लागि लेखा समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल वहालवाला लेखापरीक्षक श्री नवराज थपलिया एण्ड एशोसियट्स कानुन वमोजिम पुनःनियुक्त हुन योग्य हुनु हुन्छ) ।

(५) वर्तमान सञ्चालकहरुमध्ये यो आर्थिक वर्षमा रिक्त अध्यक्षको पदमा नियुक्त हुनु भएका बैंक अफ काठमाण्डौ लुम्बिनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री अजय श्रेष्ठज्यू र सञ्चालक पदमा नियुक्त हुनु भएका नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री मिनबहादुर श्रेष्ठज्यूको सञ्चालक समितिबाट गरिएको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख. विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने साधारण सभाको सूचना यस कम्पनीको वेबसाइट www.nbi.com.np मा पनि हेर्न सकिनेछ ।

(२) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र पेश गर्न अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

(३) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन ११ बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ ।

(४) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

नेशनल बैंकिङ्ग ईन्स्टिच्युट लिमिटेड
छैठौं तल्ला, सेन्ट्रल प्लाजा, नारायणचौर,
नक्साल, काठमाडौ, नेपाल ।
www.nbi.com.np